ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य
घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोन: ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्स: ००९७७-१-४५७५११२
इमेल: trans@tinepal.org, वेभसाइट: www. tinepal.org, tinepal
जि.प्र.का. काठमाडौं द.नं. ८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

## प्रतिनिधि सभा निर्वाचन २०८२ को सन्दर्भमा
## ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको आह्वान

नेपालको संविधानअनुसार प्रतिनिधि सभाको निर्वाचन आउँदो २०८२ साल फागुन २१ गते हुने भएको सर्वविदितै छ । संविधानअनुसार प्रतिनिधि सभा राज्यको सार्वभौम अधिकार सम्पन्न निकाय हो । भ्रष्टाचारको विरुद्धमा युवा पुस्ताले गरेको आन्दोलन पश्चात हुन गइरहेको यो निर्वाचनको ठूलो महत्व रहेको छ । राज्य संचालनमा हुने विसंगति र विकृति नियन्त्रण गर्न सकिएन भने आम नागरिकको समृद्ध नेपाल बनाउने सपना पनि साकार हुन सक्दैन । यसका लागि जनप्रतिनिधी नै योग्य, सक्षम र सदाचारी हुनु आवश्यक छ । तसर्थ, यस पटकको प्रतिनिधि सभाको निर्वाचन सबै नेपालीका लागि अत्यन्त महत्वपूर्ण हुन गएको छ । यो निर्वाचनलाई सार्थक र स्वच्छ बनाई सम्पन्न गर्न/गराउन सम्बन्धित सबै पक्षहरूलाई ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल यो आह्वान गर्दछ ।

### १। सरकारलाई आह्वान

निर्वाचन पूर्व, निर्वाचन (मतदान) एवम् मतगणनाको चरणमा र निर्वाचन परिणामा पछि पनि मुलुकभर शान्ति र व्यवस्था कायम गर्न, आम–नागरिकसँग सम्बन्धित जनस्वास्थ्य सेवा र आपूर्ति व्यवस्था कायम  गर्न, सबै राजनीतिक दल, उम्मेदवारहरूका साथै मतदातासमेतलाई पुर्वाग्रह रहित व्यवहारका साथ भय र त्रासमुक्त वातावरणमा स्वतन्त्र अभिमत व्यक्त गर्न सक्ने वातावरण कायम राख्न संघिय तथा  प्रदेश सरकारहरूलाई आह्वान गर्दछ ।

### २। निर्वाचन आयोगलाई आह्वान

लोकतन्त्रको आधारभूत स्तम्भहरुमध्येको एक निर्वाचन आयोग हो र निर्वाचनको समयमा यसको भूमिका सर्वाधिक रहन्छ ।  स्वच्छ, निस्पक्ष र व्यवस्थितरुपमा निर्वाचन हुन सकेन भने लोकतन्त्रको मर्म नै समाप्त हुन्छ । आसन्न प्रतिनिधि सभा निर्वाचनलाई, स्वच्छ, निष्पक्ष र विश्वस्नियरुपमा संचालन र सम्पन्न गराउने प्रमुख जिम्मेवारी निर्वाचन आयोगको हो । अनियन्त्रित निर्वाचन खर्च, तडक भडक, एआई तथा सूचना प्रविधिको माध्यमबाट सामाजिक संजालहरुको अवान्छित प्रयोग लगायत जारी गरिएका निर्वाचन आचार संहिताको उल्लघन हुन नदिन र भएमा कानुन वमोजिम सख्त कार्वाही गर्ने विषयमा आयोग सकृय रहनु  पर्दछ । तसर्थ,  निर्वाचन पूर्व मतदाता शिक्षा र मतदान केन्द्रहरुको उपयुक्त व्यवस्थाका अतिरिक्त सहजरुपमा आम–मतदाताको निर्भयतापूर्वक मतदान गर्न पाउने वातावरण बनाउनुका साथै उम्मेदवार, राजनीतिक दल तथा सम्बद्ध पक्षबाट आचारसंहिता पालनाको निगरानी, मतपेटीकाको सुरक्षा, मतगणना र नतिजा घोषणासमेतमा सहज र विश्वसनीय व्यवस्था मिलाउन निर्वाचन आयोगलाई विशेष आह्वान गर्दछ ।



गुनासोको लागि : टोल फ्री नम्बर: १६६०-०१-२२-२११, एसएमएस: ९८४३२४१९०९, इमेल: complain@tinepal.org

३। राजनीतिक दलहरूलाई आह्वान

संविधानतः राजनीतिक दलहरु देशको शासन व्यवस्था सञ्चालनको मियो नै हुन् । प्रतिनिधि सभाको आगामी निर्वाचनमा राजनीतिक दलहरूको सहभागिता र अन्य क्रियाकलापको महत्वपूर्ण भूमिका रहने हुन्छ । दलहरूको घोषणा–पत्रमा उल्लेख गरीने प्रतिवद्धता, उम्मेदवार छनौट र प्रचार–प्रसारका शैलीबाट आम–मतदाता र नागरिकको अपेक्षाको आधार बन्ने हुँदा मतदातालाई उपयुक्त र योग्य उम्मेदवारलाई आफ्नो मत प्रदान गर्ने अवसर दिन, निर्वाचन आचार–संहिताअनुकूल सभ्य र शिष्ट प्रचार–प्रसारको शैली अवलम्बन गर्न, डिजिटल वा अन्य माध्यमबाट आफ्नो चुनावी फाइदाको लागि झुटा आस्वासन, र झुटा प्रचार नगर्न र नगराउन प्रति सचेत रहन जरुरी छ । निर्वाचनको प्रचार प्रसारमा गरिने अपारदर्शी र अत्यधिक खर्च तथा आर्थिक लेनदेन भ्रष्टाचारको मूलकारण मध्येको एक भएकोले तोकिएको सिमा भित्र रही पारदर्शिरुपमा खर्च गर्न, मतदान, मतगणना र परिणाम घोषणापछि सभ्य र जिम्मेवारीपूर्ण व्यवहार गर्न गराउन राजनीतिक दलहरूलाई आह्वान गर्दछ ।

४। उम्मेदवारलाई आह्वान

निर्वाचनमा विभिन्न दलहरूबाट वा व्यक्तिगत रुपमा भाग लिने उम्मेदवारहरूले प्रचार प्रसारमा, मतदान पूर्व, मतदानको समयमा, मतगणनाको समयमा र निर्वाचन परिणाम घोषणापछि पनि संयमित र उच्च आचरण र शिष्टताको प्रस्तुती गर्नुका साथै मतदातामा डर, त्रास, भ्रम वा लोभ–लालचमा नपारी निर्भयतापूर्वक आफ्नो स्वतन्त्र अभिमत व्यक्त गर्न सक्ने वातावरण बनाउन आह्वान गर्दछ । अनावस्यक वाचा र झुटा आश्वासन दिने, सदाचारको उलंघन गर्ने, प्रतिद्वन्दीबारे कपोकल्पित आरोप लगाउने कार्य उम्मेरद्वारहरुबाट हुँदा समाजमा नकारात्मक सन्देश प्रवाह हुने कार्य रोक्ने कदम चाल्नु जरुरी छ । साथै, निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार–संहिताअनुकूल आचरण र व्यवहार प्रदर्शन गर्न गराउन पनि सबैमा अनुरोध गर्दछ ।

५। मतदाताहरूलाई आह्वान

निर्वाचनको निर्णायक पात्र मतदाताहरु नै हो । आफैले आफ्ना लागि प्रतिनिधि छनौट गर्न यो निर्णायक घडीमा आम–मतदाताले कसैको लोभ–लालच, भ्रम वा भय–त्रासमा नपरी आफ्नो विवेकले मतदान गर्न सक्नुपर्दछ । लोकतन्त्र प्रदत्त नागरिकको सार्वभौम अधिकार प्रयोग गर्ने यस महत्वपूर्ण घडीमा सबै मतदाताले लोभ–लालच, स्वार्थ नभएका, भ्रष्टाचारमा कुनैपनि प्रकारले नमुछिएका र उच्च नैतिक आचरण भएका देशलाई कुशलरुपमा हांक्न सक्ने सक्षम व्यक्तिलाई मतदान गर्नुको विकल्प छैन । आफ्नै हातले आफू र आफ्ना सन्ततीको भविष्य सुनिश्चित गर्ने यो अवसरमा नचुक्न आम–मतदातामा आह्वान गर्दछ ।

६। चन्दादाताहरुलाई आह्वान

निर्वाचनको क्रममा आफूलाई मन परेका उम्मेदवार वा दललाई चन्दा, सहयोग दिन चाहने उद्योगी, व्यवसायी वा अन्य व्यक्तिहरुले समेत आफूले दिएको सहयोग पारदर्शी गर्न र निर्वाचन आचार-संहिता प्रतिकुल हुनेगरी प्रतक्ष्य वा अप्रत्यक्ष कुनै सहयोग नदिन पनि अनुरोध गर्दछ ।

७। संचारजगतलाई आह्वान

लोकतन्त्रमा सञ्चारजगतको भूमिका अहम् रहन्छ । अझ खुल्ला वातावरणमा फरक-फरक सञ्चार-माध्यमले प्रवाह गर्ने फरक-फरक सूचनाले आम-नागरिकलाई प्रभाव पारेको हुन्छ । प्रतिनिधि सभाको आसन्न निर्वाचनको प्रत्येक चरणमा लोकतन्त्रको पहरेदार एवं ऐनाको रुपमा सञ्चार जगतले निर्वाचन आचार-संहिताको पालना, उम्मेदवारहरुको सदाचार प्रतिको प्रतिवद्धता सम्बन्धि स्पष्टता, मतदाताको भूमिका र सहभागिता बढाउन सहयोग गर्नेमा समाचार सम्प्रेषण गर्न/गराउन आह्वान गरिन्छ ।

पछिल्लो समयको युवाहरुको अगुवाइमा भएको आन्दोलनको प्रमुख मुद्धा सुशासन र विकासमा नै हो । यस विषयलाई ध्यान दिन सकिएन भने समृद्ध नेपाल बनाउने सपना अब पनि साकार हुन सक्दैन । तसर्थ, २०८२ फागुन २१ गते सम्पन्न हुन गइरहेको निर्वाचनमा भ्रष्टाचारको गन्ध नभएका देश र आमनागरिकले भरोसा गर्न सक्ने योग्य प्रतिनिधि निर्वाचित हुने वातावरण बनाउन सबै सरोकारवालाहरुलाई ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपाल जोडदार आह्वान गर्दछ ।

२१ माघ २०८२

मदन कृष्ण शर्मा
अध्यक्ष
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल